# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख २५ गते, २०८२ साल (सङ्ख्या ०१

## भाग २

### गण्डकी प्रदेश सभा सचिवालयको सूचना

### गण्डकी प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०८१

गण्डकी प्रदेश सभा नियमावली, २०८० मा संशोधन गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५७ मा संशोधनः** गण्डकी प्रदेश सभा नियमावली, २०८०(यसपछि मूल नियमावली भनिएको) को नियम

१५७ को उपनियम (५) पछाडि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर नियमावली प्रारम्भ हुँदाका बखत कुनै समितिको सभापति पद रिक्त भएको अवस्थामा नियमावली प्रारम्भ भएको मितिले तीस दिन भित्र निर्वाचन गरिसक्नु पर्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १६४ मा संशोधनः</u>** मूल नियमावलीको नियम १६४ को उपनियम (१) मा रहेको "गणपुरक सङ्ख्या समितिको" भन्ने वाक्यांशको पछाडि रहेका "सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई हुनेछ" भन्ने शब्दहरुको सट्टामा "तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुनेछ" भन्ने शव्दहरु राखिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम १६६ मा संशोधनः</u>** मूल नियमावलीको नियम १६६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक समितिको बैठकमा उपस्थित समितिका सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ।"

आज्ञाले,
हरिराज पोखरेल
प्रदेश सभाको सचिव ।